# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

न्युरोड, कास्की

गण्डकी प्रदेश, नेपाल
फोन नं: ०६१–५२११०५,५०२
फ्याक्स :०६१–५२०६००

**सूचना नं.:** ०८२-८३- Auc-०१

प्रथम पटक प्रकाशित मिति: २०८३/०१/२९

**विषयः- लिलाम बढाबढ (बोलकबोल/डाँक विधि) सम्बन्धी सूचना।**

प्रस्तुत विषयका सम्बन्धमा पोखरा महानगरपालिकाको क्षेत्रभित्र पर्ने विभिन्न घाटहरुको पटक पटक बोलपत्र आव्हान गर्दा पनि ठेक्का व्यवस्थापन हुन नसकेका घाटहरुको सन्दर्भमापोखरा महानगरपालिकाको आय ठेक्का बन्दोबस्त नियमावली, २०७७ को नियम १० (६) बमोजिम तपसिलमा उल्लेखित स्थानहरुमा सञ्चित नदिजन्य सामग्री (दहत्तर बहत्तर ढुङ्गा, गिट्टी, बालुवा) को लिलाम बढाबढ बोलकबोल (डाँक) विधिबाट गर्नुपर्ने भएकोले इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति/संघ संस्थाहरूबाट लिलाम बढाबढको लागि निम्नानुसारको मिति, समय र स्थानमा सहभागिताको लागि अनुरोध गरिन्छ।

**तपसिलः-**

**१. घाट तथा स्थानको विवरणः-**

| क्र.सं. | नदी/खोलाको नाम | स्थान/वडा नं. | अनु. परिमाण (घ.मि.) | दररेट | न्यूनतम डाँक रकम (रु.) भ्याट बाहेक | धरौटी रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | लालटिन बजार | वडा नं. १ | २०९६.१३ | ५००।०० | १०,४८,०६५।०० | न्युनतम् डाँक रकमको ५% |

**डाँक बढाबढ हुने मिति, समय र स्थान**

- मितिः- २०८३/०२/०५
- समयः- २:०० बजे
- स्थानः-पोखरा महानगरपालिकाको सभा हल नयाँबजार।

**२. बोलकबोल (डाँक) विधिको प्रक्रिया:**

**(क)** बोलकबोल (डाँक) विधिमा इच्छुक प्रस्तावकर्ता फर्म वा व्यक्ती आवश्यक कागजात सहित डाँक गरिने स्थानमा उपस्थित हुनु पर्नेछ। डाँकमा सहभागी हुन रु १०००।०० को निवेदन दस्तुर लाग्ने छ।

**(ख)** बोलकबोलमा बढिबढाउ गर्दा न्युनतम् रु १०००।०० को अन्तर हुनुपर्नेछ। कबोलमा सबभन्दा बढी डाँक बोल्नेलाई अनुमति प्रदान गरिनेछ।

**(ग)** नियम १०(६) बमोजिम न्यूनतम डाँक रकम भन्दा कम डाँक बोलेको बोलकबोल स्वतः अस्वीकृत हुनेछ। बोलकबोल स्वीकृत भए पश्चात तोकिएको धरौटी रकम नगद वा नेपाल सरकारद्वारा मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको बैंक जमानत पत्र (Bank Guarantee) को रूपमा संलग्न गर्नुपर्नेछ।

**(घ)** सम्झौता नगरेमा वा समयमा कबोल गरेको रकम नबुझाएमा धरौटी रकम जफत हुनेछ र कालो सूचीमा राखिनेछ। सम्झौताको क्रममा डाँक रकम र सो बापतको मु.अ.कर तथा अग्रिम आय कर अनिवार्य दाखिला गर्नुपर्नेछ।

**३. योग्यता र पेश गर्नु पर्ने कागजातहरू:**

**(क)** सम्बन्धित निकायबाट इजाजत प्राप्त कम्पनि/फर्म दर्ता प्रमाण पत्र।

**(ख)** फर्म/कम्पनी दर्ता प्रमाणपत्र र वार्षिक नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

**(ग)** आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र तथा स्थायी लेखा नम्बर (PAN/VAT) प्रमाणपत्र।



महाशाखा प्रमुख

(घ) बोल कबोल गर्ने व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(ङ) **बोल कबोलको लागि आवश्यक** धरौटी रकम सोही समयमा नै दाखिला गर्नु पर्ने छ सो हुन नसकेको अवस्थामा दोस्रो बढी कबोल गर्ने फर्म बा व्यक्तिसँग प्रक्रिया अगाडि बढाइनेछ।

**४. अन्य महत्त्वपूर्ण शर्त तथा व्यवस्था:**

(क) कबोलको निवेदन दस्तुर मूल्य रु. १,०००/- (एक हजार) मात्र तोकिएको छ, जुन फिर्ता हुने छैन।

(ख) प्रस्तावकर्ताले नदिजन्य सामग्री उत्खनन संकलन तथा निकासी गर्दा प्रचलित कानुन, निर्देशिका र मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

(ग) प्रस्तावकर्ताले उत्खनन स्थलमा कुनै किसिमको वातावरणीय क्षति पुऱ्याएमा क्षतिपूर्ति प्रस्तावकर्ताले आफैंले व्यहोर्नु पर्नेछ।

(घ) प्रस्तावकर्ताले सर्त उल्लंघन गरेमा सम्झौता रद्द गरी धरौटी र जमानत जफत गरी कालो सूचीमा राखिनेछ।

(ङ) सूचनामा उल्लेख नभएका विषयमा पोखरा महानगरपालिकाको आय ठेक्का बन्दोबस्त नियमावली, २०७७ तथा खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्था बमोजिम हुनेछ।

२०८२/०९/२५

.................................
महाशाखा प्रमुख

राजश्व महाशाखा प्रमुख